# दुग्ध सहकारी संघ/संस्था/ उद्योगहरुलाई सुदृढीकरणको लागि अनुदान कार्यक्रम संचालन कार्यविधि,, २०७७"

राष्ट्रिय दुग्ध विकास बोर्ड

हरिहरभवन , ललितपुर

मंसिर,२०७७

## दुग्ध सहकारी संघ/ संस्था/उधोगहरु हरुलाई सुदृढीकरणको लागि अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७

**प्रस्तावना:**

नेपालमा कृषि व्यवसायी मध्ये करिब ७० प्रतिशतले पशुपंक्षी पाल्ने गरेका छन्। नेपालमा पालिने पशुवस्तुहरु विशेषत दूध र मासुका लागि पालिने गरेको छ। ग्रामिण लगायत सहरउन्मुख क्षेत्रमा गाई/भैंसी पालन मुख्य रुपमा दूध उत्पादन र भैंसी सहायक रुपमा मासु उत्पादनका लागि पालीन्छ । दुग्ध व्यवसाय अन्य व्यवसाय भन्दा संवेदनशील तथा सहकारीमा आधारित छ । ग्रामीणस्तरमा उत्पादित दूध दुग्ध उत्पादक सहकारी संस्था/संकलन केन्द्रमार्फत संकलन भई निजी ,सहकारी तथा सरकारीस्तरमा सञ्चालित दुग्ध उधोगमा खरीद बिक्री भई रहेको छ । दूधको गुणस्तर कायम गर्न सम्वन्धित संघ/संस्था/कृषकस्तरमा दुग्ध उपकरण तथा अन्य आवश्यक पूर्वाधारहरु हुनु अनिवार्य छ । दूध उत्पादन, संकलन, खरीद बिक्री सम्बन्धि तथ्यांक व्यवस्थापन समेत हुनु आवश्यक छ ।केन्द्रीय स्तरका दुग्ध सहकारी संघ एवं दूध उत्पादन सहकारी संस्थाहरुलाई तथा पशुपन्छी पालक सहकारी संघ हरुलाई सुदृढीकरण गर्ने लगायत दुग्ध सम्वन्धी तथ्यांक अध्यावधिक गर्न जिल्ला स्तरीय दुग्ध सहकारी संघहरुलाइ डेस्कटप कम्प्यूटर तथा प्रिन्टर लगायतका उपकरण व्यवस्थापन गर्ने कार्यक्रममा अनुदान सहयोगका लागि आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ११४ ले दिएको अधिकार प्रयोग गरी " **दुग्ध सहकारी संघ / संस्था /उधोगहरुलाई सुदृढीकरणको लागि अनुदान कार्यक्रम संचालन कार्यविधि,** २०७७" जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यक्रम संचालन विधिको नाम " **दुग्ध सहकारी संघ /संस्था / उधोगहरुलाई सुदृढीकरणको लागि अनुदान कार्यक्रम संचालन कार्यविधि,** २०७७", रहेको छ ।

(२) यो कार्यविधि राष्ट्रिय दुग्ध विकास बोर्ड व्यवस्थापनबाट स्वीकृत भएको मिति बाट लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम संचालन विधिमा ;

(क) "**कार्यक्रम संचालन कार्यविधि** " भन्नाले " दुग्ध सहकारी तथा पशुपन्छी पालक सहकारी लगायतका संघ / संस्था /उधोगहरुलाई सुदृढीकरणको लागि अनुदान कार्यक्रम संचालन कार्यविधि " सम्झनु पर्दछ ।

(ख) "**अनुदान**" भन्नाले यस कार्यक्रम संचालन कार्यविधि बमोजिम राष्ट्रिय दुग्ध विकास बोर्डको सालवसाली स्वीकृत वार्षिक कार्यक्रममा उल्लेखित कार्यक्रम मध्ये संस्थागत सुदृढीकरण अन्तर्गत दुध उत्पादन, प्रशोधन तथा बजारीकरण संग सम्वन्धित दुग्ध सहकारी तथा पशुपन्छी पालक सहकारी संघहरुलाई उत्पादन, प्रशोधन, मूल्यअभिवृद्धि, बजारीकरण, विविधिकरण तथ्याँक संकलन तथा अभिलेखका लागि उपकरण तथा  व्यवसाय विकास र क्षमता विकासका लागि तालिम लगायतमा प्रदान गरिने नगद वा वस्तुगत सहयोगलाई सम्झनु पर्दछ ।

(ग) •**कार्यक्रम**• भन्नाले राष्ट्रिय दुग्ध विकास बोर्डको स्वीकृत वार्षिक कार्यक्रम र बजेटमा सालवसालि रुपमा उल्लेख हुने उत्पादन, प्रशोधन, मूल्यअभिवृद्धि, बजारीकरण, विविधिकरण लगायत संग सम्वन्धित संघ, संस्था व्यवसाय प्रवर्द्धन तथा  पहुँच र क्षमता विकाससंग सम्वन्धित क्रियाकलापहरु सम्झनु पर्दछ ।

(घ) •**संघ/संस्था**• भन्नाले नियमानुसारको सरकारी निकायमा दर्ता भई सक्रियरुपमा गाई भैंसी पालन, दूध उत्पादन, प्रशोधन, मूल्य श्रृखला, बजारीकरण, विविधिकरणमा संलग्न सहकारी संघ संस्था तथा उनीहरु सम्वद्ध विभिन्नस्तरका छाता संगठन सम्झनु पर्दछ ।

(ङ) •**जिल्ला दुग्ध सहकारी संघ** • भन्नाले नियमानुसारको सरकारी निकायमा दर्ता भई सक्रियरुपमा दुध उत्पादन, संकलन, प्रशोधन, मूल्यश्रृखला , बजारीकरण, विविधिकरणमा संलग्न दुध उत्पादक सहकारी संघ/संस्थाहरुको जिल्लास्तरीय छाता संगठन सम्झनु पर्दछ ।

(च) •**दुग्ध उद्योग**• भन्नाले नियमानुसारको सरकारी निकायमा दर्ता भई स्थानीयस्तरमा उत्पादन / संकलन भएको काँचो दूधलाइ प्रशोधन, विविधिकरण, मूल्यअभिवृद्धि गरी प्रशोधित दूध तथा दुग्ध पदार्थ उत्पादन तथा बजारीकरण गर्ने र प्रचलित नियमानुसार करको दायराभित्रको उद्योग सम्झनु पर्दछ ।

(छ) •**प्रस्ताव**• भन्नाले यस कार्यकम संचालन विधि बमोजिम अनुदान प्राप्त गर्न सालवसाली स्वीकृत कार्यक्रमका प्रकृति अनुसार योग्यता पुगेका दुध उत्पादन, संकलन,प्रशोधन, बजारीकरण, विविधिकरणमा संलग्न दुग्ध सहकारी तथा पशुपन्छी पालक सहकारी संघ / संस्था सम्वद्ध विभिन्न स्तरका छाता संगठनहरु द्वारा राष्ट्रिय दुग्ध विकास बोर्डद्वारा नियमानुसार प्रकाशित सूचनामा उल्लेखित सेवा र शर्तको परिधि भित्र रही संस्थागत सुदृढीकरण, गुणस्तर प्रवर्द्धन, बजार मूल्य शृंखला विकास तथा पहुँच, तथ्यांक संकलन तथा अभिलेख तथा व्यवसाय

विकास र क्षमता विकासका लागि बोर्डमा पेश गरिएको प्राविधिक तथा आर्थिक खण्ड सहितको परियोजना प्रस्ताव सम्झनु पर्दछ ।

(ज) "**अनुदानग्राही**" भन्नाले यस कार्यक्रम संचालन विधि बमोजिम अनुदान प्राप्त गर्न सालवसाली स्वीकृत कार्यक्रमका प्रकृति अनुसार योग्यता पुगेका पशुपालन, दूध उत्पादन, संकलन, प्रशोधन,बजारीकरण, विविधिकरणमा संलग्न सहकारी संघ, संस्था र निजहरु सम्वद्ध विभिन्नस्तरका छाता संगठन सम्झनु पर्दछ ।

(झ) "**अनुगमन**" भन्नाले अनुदान प्राप्त दुग्ध सहकारी संघ/संस्थाको स्थलगत अनुगमन भन्ने सम्झनु पर्दछ ।

(ञ) "बोर्ड" भन्नाले राष्ट्रिय दुग्ध विकास बोर्ड लाई सम्झनु पर्दछ।

३. **उद्देश्य:** यस कार्यक्रम संचालन विधिको देहाय बमोजिमको उद्देश्य रहेको छ ।

(क) पशु पालन, दूध उत्पादन, संकलन, प्रशोधन, बजारीकरण, विविधिकरणमा संलग्न सहकारी संघ/ संस्था/उधोग र निजहरु सम्वद्ध विभिन्नस्तरका छाता संगठनहरुको क्षमता विकास तथा विस्तार गर्ने ।

(ख) पशु पालन, दूध संकलन, प्रशोधन, मूल्यअभिवृद्धि, बजारीकरण, विविधिकरणमा संलग्न दुग्ध सहकारी, तथा पशुपन्छी पालक सहकारी संघ, संस्थाहरुलाई सुदृढीकारण क्षमता विकासको लागि आवश्यक पर्ने प्रविधि, पूँजी तथा प्राविधिक तालिम सहयोग एकिकृत रुपमा उपलब्ध गराउने, ।

(ग) दूध उत्पादन एवं प्रशोधनमा संलग्न विभिन्नस्तरका कृषक संघ/संस्था/उधोग संगठन गुणस्तरीय उत्पादन वृद्धि र संगठनको क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने ।

(घ) दुग्ध सम्बन्धि तथ्यौंक संकलन तथा अभिलेख अध्यावधिक गर्ने ।

(ङ) दिगो रुपमा दुग्ध व्यवसायको विकास प्रवर्द्धनात्मक सहयोग उपलब्ध गराउने ।

## परिच्छेद-२

## कार्य क्षेत्र छनौट तथा सञ्चालन

४. यो कार्यविधि राष्ट्रिय दुग्ध विकास बोर्डद्वारा सालवसालीरुपमा वार्षिक स्वीकृत कार्यक्रम र बजेटमा उल्लेखित कार्यक्रम/ कृयाकलाप अनुसार बोर्डले प्रस्ताव आह्वानको सूचनामा तोके बमोजिम देशभर वा निश्चित भौगोलिक सीमा भित्र रहेका तोकिएको योग्यता पुगेका दुग्ध सहकारी तथा पशुपन्छी पालक सहकारी संघ/ संस्था/उधोगहरुलाइ प्रदान गरिने नगद वा वस्तुगत अनुदान कार्यक्रमका लागि मान्य हुनेछ ।

५. **कार्याक्रम सञ्चालन प्रकृयाः**

५.१ सुदृढिकरणतर्फ अनुदानका लागि आवेदक केन्द्रीय दुग्ध सहकारी संघ तथा केन्द्रीय पशुपन्छी पालक सहकारी संघ लगायत दुग्ध उधोग एवं संगठनहरुकोको योग्यता/शर्त तथा छनौटका आधारहरु निम्न अनुसार हुनेछन् ।

- आवेदक संघ /संस्था/उधोगले आफ्नो संघ/संस्था नियमानुसार तोकिएको न्यूनतम मापदण्ड बमोजिम संचालन गरेको हुनु पर्नेछ ।
- आवेदक संघको योग्यता तथा पेश गर्नु पर्ने कागजपत्र उल्लेख गरिएको अनुसार हुनु पर्नेछ
  - ➢ निवेदनको ढांचा अनुसूची -२ अनुसार,
  - ➢ स्थानीय निकाय/सहकारी कार्यालय/ भेटनरी अस्पताल तथा विज्ञ केन्द्रको सिफारीस अनुसूची-३ अनुसार,
  - ➢ प्रस्ताव पत्रको नमूना अनुसूची -४ (क) अनुसार,
  - ➢ कानुन बमोजिम दर्ता भई मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर लिएको
  - ➢ नियमानुसार संघ/ संस्था/ उधोग व्यवसाय संचालनमा रहेको प्रमाण
  - ➢ कर चुक्ताको प्रमाण पत्र
  - ➢ उधोग, व्यवसाय आदि कुनै गैर कानुनी कार्यमा वा कालो सुचीमा नपरेको प्रमाण वा स्व-घोषणा

**५.२ प्रस्ताव आह्वान**

५.२.१ राष्ट्रिय दुग्ध विकास बोर्डको वार्षिक स्वीकृत कार्यक्रम र विनियोजित बजेटको आधारमा केन्द्रीय दुग्ध सहकारी संघ तथा केन्द्रीय पशुपन्छी पालक सहकारी संघ एवं उधोगहरुलाई सुदृढीकरणका लागी नगद अनुदानसंग सम्वन्धित स्विकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वानको सूचना ३५ दिनको म्याद राखी सम्वन्धित निकायहरुसंग माग गर्नेछ ।

५.२.२ प्रस्ताव आह्वानको ढांचा सूचना अनुसूची -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ५.३ प्रस्ताव मूल्यांकन

५.३.१ केन्द्रीय दुग्ध सहकारी संघ तथा केन्द्रीय पशुपन्छी पालक सहकारी संघ एवं उधोगहरुलाई सुदृढीकरणका लागि नगद अनुदानसंग सम्बन्धित कार्यक्रमका लागि प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकन गरी राष्ट्रिय दुग्ध विकास बोर्ड समक्ष सिफारीस गर्न तपसिल बमोजिमको एक मूल्यांकन उप-समिति रहनेछ ।

तपसिल

| | |
|---|---|
| उप कार्यकारी निर्देशक रा.दु.वि.बोर्ड | संयोजक |
| निर्देशक प्राविधिक, रा.दु.वि. बोर्ड | सदस्य |
| प्रतिनिधि, पशु सेवा विभाग | सदस्य |
| अनुसन्धान अधिकृत, रा.दु.वि.बोर्ड | सदस्य - सचिव |

(१) दफा ५.३.१ बमोजिम गठित उप- समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) उप- समितिले बैठकको कार्यविधि र एजेन्डा उप-समिति आफैले आवश्यकता अनुसार निर्धारण गर्नेछ ।

(३) दफा ५.३.१ बमोजिम गठित उप-समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

५.४ मूल्यांकन उप-समितिले नियमानुसार समय सिमाभित्र पेश हुन आएका प्रस्तावहरुलाई प्रारम्भिक अध्ययन गरी योग्यता पुगेका प्रस्तावहरुलाई स्वीकृतिका लागि राष्ट्रिय दुग्ध विकास बोर्ड समक्ष सिफारीस गर्नेछ ।

## ५.५ अनुदान कार्यक्रम संग सम्बन्धित क्रियाकलापहरुको व्याख्या नगद अनुदानको सीमा

५.५.१ केन्द्रीय दुग्ध सहकारी संघ तथा केन्द्रीय पशुपन्छी पालक सहकारी संघलाई सुदृढीकरण कार्यक्रम अन्तर्गत कार्यालय भवन निर्माण तथा मर्मत ,व्यवस्थापकीय सुधार, क्षमताका विकासको लागि तालिम / अन्तरक्रिया ,सूचना प्रविधि सम्बन्धित सामग्री तथा तथ्यांक व्यवस्थापनमा सहयोगी हुने कम्प्यूटर , प्रिन्टर लगायतका उपकरण खरिद,फर्निचर खरिद तथा दुग्ध सम्बन्धित प्रचार प्रसार सामग्री छपाई आदि कार्यका लागी स्वीकृत कार्यक्रम र वजेटको परिधि भित्र रही ५० प्रतिशतका दरले अनुदान रकम उपलब्ध गराईनेछ ।

५.६ अनुदान रकम भुक्तानी

५.६.१ अनुदान रकम सामान्यतया दुई किस्तामा उपलब्ध गराईनेछ । पहिलो किस्ता प्रस्तावको स्वीकृति र सम्झौता भएपछि तथा दोस्रो किस्ता कार्य प्रगतिको प्रतिवेदन प्राप्त भएपछि प्रदान गरिनेछ ।

## परिच्छेद-३

## वस्तुगत अनुदानतर्फ सामग्री खरिद तथा वितरण सम्बन्धी

६. जिल्ला दुग्ध उत्पादक सहकारी संघ / संस्था /उद्योगहरुको क्षमता अभिवृद्धि, व्यवस्थापकीय सुधार र तथ्यांक व्यवस्थापनमा सहयोगी हुने कम्प्यूटर तथा प्रिन्टर, सूचना प्रविधि सम्बन्धित सामग्री , दुग्ध उपकरण आदि बोर्डले खरिद गरी आवश्यकता र प्रभावकारिताको आधारमा वितरणको लागि बोर्डको सालवसाली स्वीकृत वार्षिक कार्यक्रम र सो को विनियोजित वजेटको परिधि भित्र रही संचालन गर्नु पर्नेछ ।

७. सामाग्रीहरुको खरिद प्रकिया

७.१ वस्तुगत अनुदानतर्फको वार्षिक स्वीकृत कार्यक्रममा उल्लेखित सामग्री, मेशिनरी औजार आदिको खरिद सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली , २०६४ को प्रावधान बमोजिम वार्षिक खरिद योजना बनाई खरिद गर्नु पर्नेछ ।

७.२ खरिद प्रकृयाको लागी आवश्यकता अनुसार परामर्शदाता छनोट गरिनेछ ।

८. सामाग्रीहरुको वितरण प्रक्रिया

८.१ वस्तुगत अनुदानतर्फको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४, को प्रावधान बमोजिम वार्षिक खरिद गरी नियमानुसार दाखिला गरीएका सामाग्रीहरु वितरण गर्ने योजना बनाई सम्बन्धित जिल्ला दुग्ध उत्पादक सहकारी संघ / संस्था /उद्योगहरुको बीच प्रतिस्पर्धी रुपमा आवश्यकता र उपादेयताको आधारमा वितरणको व्यवस्था मिलाउनु पर्नेछ।

८.२ प्रस्ताव आह्वान :

दफा ८.१ वमोजिमको वितरण व्यवस्थाका लागि वोर्डले स्वीकृत कार्यक्रम अनुसार ३५ दिनको म्याद राखी प्रस्ताव आह्वानको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नेछ । प्रस्ताव आह्वानको सूचना अनुसूची -१ वमोजिम, निवेदनको ढांचा अनुसूची -२ वमोजिम, स्थानीय निकाय/सहकारी कार्यालय/ भेटेनरी अस्पताल तथा बिज्ञ केन्द्रको सिफारीस अनुसूची -३ वमोजिम र प्रस्ताव पत्रको नमूना अनुसूची -४ -ख) वमोजिम हुनेछ ।

८.३ प्रस्ताव मूल्यांकन उप-समिति

८.३.१ जिल्ला दुग्ध उत्पादक सहकारी संघ / संस्था /उधोगहरुको हरुको क्षमता अभिवृद्धि, व्यवस्थापकीय सुधार र तथ्यांक व्यवस्थापनमा सहयोगी हुने कम्प्यूटर तथा प्रिन्टर, सूचना प्रविधि सम्वन्धित सामग्री, दुग्ध उपकरण आदि प्राप्त गर्न इच्छुक उल्लेखित वस्तुगत अनुदानाग्राहीवाट नियमानुसार प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकन गरि स्वीकृतिका लागि राष्ट्रिय दुग्ध विकास वोर्डको व्यवस्थापन समक्ष सिफारीस गर्न तपसिल बमोजिमको एक मूल्यांकन उप-समिति रहनेछ ।

तपसिल

| | |
|---|---|
| उप कार्यकारी निर्देशक, रा.दु.वि.वोर्ड | संयोजक |
| वरिष्ठ पशु विकास अधिकृत (प्रतिनिधि), कृषि तथा पशुपन्छी विकास मन्त्राल | सदस्य |
| निर्देशक प्राविधिक, रा.दु.वि. वोर्ड | सदस्य |
| शाखा अधिकृत, रा.दु.वि. वोर्ड | सदस्य |
| अध्यक्ष , के.दु.स.संघ | सदस्य |
| लेखा अधिकृत, रा.दु.वि.वोर्ड | सदस्य |
| अनुसन्धान अधिकृत, रा.दु.वि.वोर्ड | सदस्य - सचिव |

(१) दफा ८.३.१ वमोजिम गठित उप- समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) उप- समितिले बैठकको कार्यविधि र एजेन्डा उप-समिति आफैले आवश्यकता अनुसार निर्धारण गर्नेछ ।

(३) दफा ८.३.१ वमोजिम गठित उप-समितिको बैठकमा आवश्यकता अनुसार सम्वन्धित विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

८.३.२ मूल्यांकन उप-समितिले नियमानुसार समय सिमाभित्र पेश हुन आएका प्रस्तावहरुलाई प्रारम्भिक छानबिन गरी योग्यता पुगेका प्रस्तावहरुलाई अनुसूची ५ (ख) बमोजिम मूल्यांकन गरी प्रतिष्पर्धाको आधारमा छनोट गरी स्वीकृतिका लागि राष्ट्रिय दुग्ध विकास बोर्ड समक्ष सिफारिस गर्नेछ । प्रस्ताव छनौटको क्रममा प्रस्तावकहरुको समान अंक भएमा पहिलो दर्ता भएको प्रस्तावलाई प्राथमिकता दिनु पर्नेछ ।

**८.४ कार्यक्रम संग सम्बन्धित कियाकलापहरुको व्याख्या अनुदानको सिमा**

८.४.१ जिल्ला दुग्ध उत्पादक सहकारी संघ / संस्था /उधोगहरुको क्षमता अभिवृद्धि, तालिम, व्यवस्थापकीय सुधार सूचना प्रविधि सम्बन्धित सामग्री र तथ्यांक व्यवस्थापनमा सहयोगी हुने कम्प्यूटर तथा प्रिन्टर उपलब्ध गराईनेछ ।स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही बोर्डले छनौट गरेका सम्भावित जिल्लाहरुमा सामाग्रीहरुको कम्तिमा एउटा प्याकेज उपलब्ध गराउन प्राथमिकता दिनु पर्नेछ ।उल्लेखित सामग्रीहरुको सम्वन्धमा बोर्डको स्वीकृत बजेट र वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार मात्र हुनेछ ।

**८.५ सामग्री वितरण**

८.५.१ वस्तुगत अनुदानतर्फको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रावधान बमोजिम वार्षिक खरिद योजना अनुसार खरिद गरी नियमानुसार दाखिला गरीएका दफा ६ अनुसारका सामाग्रीहरु वितरणको योजना बमोजिम नियमानुसार स्वीकृति र सम्झौता भएपछि हस्तान्तरण गरिनेछ ।

## परिच्छेद-४

## विविध

**९. प्रतिवेदन पेश गर्नु पर्नेः**

९.१ यस कार्यक्रम संचालन विधिको परिच्छेद २ र ३ अनुसार नगद तथा वस्तुगत अनुदान प्राप्तगर्ने अनुदानग्राही संस्थाले अनुदानसंग सम्बन्धित कार्यक्रम/क्रियाकलापहरु प्रगति प्रतिवेदन मासिक / चौमासिकरुपमा बोर्डमा अनिवार्यरुपले उपलब्ध गराउनु पर्नेछ ।

९.२ उपदफा ९.१ बमोजिम प्राप्त हुन आएका प्रगति प्रतिवेदनहरुलाई बोर्डले एकमुष्ट कम्पायल गरी विश्लेषणत्मक प्रतिवेदन तयार गरी चौमासिकरुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

**१०. अनुगमन**

१०.१ यस कार्यक्रम संचालन विधिको परिच्छेद २ र ३ अनुसार नगद तथा वस्तुगत अनुदानसंग सम्वन्धित कार्यक्रम तथा अनुदानग्राही संस्थाको कार्य प्रगतिको अनुगमन कृषि तथा पशुपन्छी विकास मन्त्रालय र राष्ट्रिय दुग्ध विकास बोर्डले गर्नेछ ।

**११. सम्झौता बमोजिम हुनेः**

११.१ यस कार्यक्रम संचालन विधि अनुरुप सञ्चालन हुने क्रियाकलाप र विकासगरिएका पूर्वाधार तथा मेशिनरी उपकरण लगायतका सुविधाहरुको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गर्नुपर्ने छ। बोर्डको स्वीकृति वेगर कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, पुननिर्माण तथा भत्काउने, बिक्री वितरण कार्य गर्न पाईने छैन।

**१२. कारवाही हुनेः**

१२.१ अनुदानग्राहीले सम्झौता अनुसार कार्य सम्पन्न नगरी प्राप्त अनुदान सहयोगलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी बांकी सरह असुल उपर गरिनेछ ।

**१३. प्रचलित कानून लागू हुने**

१३.१ यस कार्यक्रम संचालन विधिमा उल्लेख भएको व्यवस्था अस्पष्ट भएमा वा कार्यविधिमा उल्लेख भएदेखि बाहेकका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. सम्झौता

१४.१ छनौट भएका निकायहरुलाई कार्यक्रम संचालनका लागि अनुसूची -६ बमोजिमका सर्तहरु सहित सम्झौता गरिनेछ ।

१५. विवाद समाधान

१५.१ यस कार्यक्रम संचालन विधि अनुसार सम्पन्न गरिने कामको सिलसिलामा कुनै विवाद वा भ्रम श्रृजना भएमा सो को निराकरण गर्ने जिम्मेवारी राष्ट्रिय दुग्ध विकास बोर्डको निर्णय नै अन्तिम हुनेछ ।

१६. नामावली उल्लेख गर्ने

१६.१ यस कार्यक्रम संचालन विधिको परिच्छेद २ र ३ अनुसार नगद तथा वस्तुगत अनुदान अन्तर्गत निर्मित/पुनसंरचना गरिएका पूर्वाधार, मेशिनरी/उपकरण आदिमा "नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय दुग्ध विकास बोर्डबाट अनुदान प्राप्त" भनी अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

१७. कार्यक्रम संचालन विधिको संशोधन/खारेजी

१७.१ राष्ट्रिय दुग्ध विकास बोर्डको सिफारिसमा यस कार्यक्रम संचालन विधिमा आवश्यकता अनुसार बोर्ड बैठकले वा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यक संशोधन एवं खारेजी गर्न सक्नेछ ।

१८. अन्तिम व्याख्या:

१८.१ यस कार्यक्रम संचालन विधिमा उल्लेख भएका व्यवस्थाहरु प्रचलित कानुनसँग बाझिएको हदसम्म खारेज भएको मानिनेछ ।

१९. अनुसूचीमा हेरफेर गर्न सक्ने:

१९.१ यस कार्यक्रम संचालन विधिमा संलग्न अनुसूचीहरु (आर्थिक विषय बाहेक) मा आवश्यकता अनुसार हेरफेर गर्न सकिनेछ ।

अनुसूची-१

(दफा ५ र ८ संग सम्बन्धित)

प्रस्ताव आह्वानको सूचना

केन्द्रीय दुग्ध सहकारी संघ तथा केन्द्रीय पशुपन्छी पालक सहकारी संघलाई सुदृढीकरणको लागी अनुदान तथा जिल्ला दुग्ध उत्पादक सहकारी संघलाई डेस्कटप कम्प्यूटर तथा प्रिन्टर अनुदानमा वितरणका लागि प्रस्ताव आह्वान सम्वन्धि सूचना

प्रथम पटक प्रकाशन मिति .........

राष्ट्रिय दुग्ध विकास बोर्डको आ. व. २०....../..........को स्वीकृत वार्षिक कार्यक्रम अनुसार केन्द्रीय दुग्ध सहकारी संघ तथा केन्द्रीय पशुपन्छी पालक सहकारी संघलाई सुदृढीकरणको लागी अनुदान तथा जिल्ला दुग्ध उत्पादक सहकारी संघलाई डेस्कटप कम्प्यूटर तथा प्रिन्टर अनुदानमा उपलब्ध गराउने सम्बन्धमा प्रशताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदनका साथ तपसिलका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ॥

१. अनुसूची २ अनुसारको निवेदन ।

२. अनुसूची ३ अनुसारको सिफारिस पत्र ।

३. अनुसूची ४ (क) र ४ (ख) अनुसारको परियोजना प्रस्ताव।

४. संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT वा स्थायी लेखा नम्वर PAN प्रमाणपत्र र गत आ. व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

५उद्योग, व्यवसाय आदि कुनै गैर कानुनी कार्यमा वा कालो सुचीमा नपरेको प्रमाण वा स्व-घोषणा

६. कार्यक्रमको प्रस्तावमा उल्लेख भए वमोजिम कार्यक्रम संचालन गर्ने प्रतिवद्धता पत्र।

७. केन्द्रीय दुग्ध सहकारी संघ तथा केन्द्रीय पशुपन्छी पालक सहकारी संघलाई सुदृढीकरण कार्यकम अन्तर्गत कार्यालय भवन निर्माण तथा मर्मत ,व्यवस्थापकीय सुधार , क्षमताका विकासको लागि तालिम / अन्तरक्रिया,सूचना प्रविधि सम्वन्धित सामग्री तथा तथ्यांक व्यवस्थापनमा सहयोगी हुने कम्प्यूटर , प्रिन्टर लगायतका उपकरण खरिद,फर्निचर खरिद तथा दुग्ध सम्वन्धित प्रचार प्रसार सामग्री छपाई आदि कार्यका लागी स्वीकृत कार्यक्रम र वजेटको परिधि भित्र रही ५० प्रतिशतका दरले अनुदान रकम रकम मात्र अनुदानमा उपलब्ध गराईनेछ । प्रशतावकले बाकी ५० प्रतिशत रकम संघले लगानी गर्नु पर्नेछ ।

६. छनौटमा परेका जिल्ला दुग्ध उत्पादक सहकारी संघहरुलाई एक एक वटा डेस्कटप कम्प्यूटर तथा प्रिन्टर अनुदानमा उपलब्ध गराईनेछ ।

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बोर्डको कार्यालय, हरिहरभवन, ललितपुरमा प्रस्ताव पेश गरि सक्नु पर्नेछ । विस्तृत विवरण बोर्डको सूचना पाटी तथा website: www.nddb.gov.npमा हेर्न सक्नु हुनेछ ।

थप जानकारीका लागि सम्पर्क ठेगाना

राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन, ललितपुर फोनः ०१५५२५४००/ ५५४२७४१

अनुसूची-२
(दफा ५ र ८ संग सम्बन्धित)

निवेदनको ढाँचा

श्रीमान् कार्यकारी निर्देशकज्यू
राष्ट्रिय दुग्ध विकास बोर्ड,
हरिहर भवन, ललितपुर ।

विषयः प्रस्ताव पेश गरिएको बारे ।

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति............को राष्ट्रिय दैनिक...................................मा प्रकाशित सूचना अनुसार जिल्ला..............गा. पा./न. पा.................... वडा नं. .........टोल.....................................................मा संचालित.............................. केन्द्रीय दुग्ध सहकारी संघ तथा केन्द्रीय पशुपन्छी पालक सहकारी संघलाई सुदृढीकरणका लागी अनुदान तथा जिल्ला दुग्ध उत्पादक सहकारी संघलाई वस्तुगत सामाग्री (डेस्कटप कम्प्यूटर तथा प्रिन्टर) अनुदानमा उपलब्ध गराउने सम्बन्धीमा प्रकाशित सूचनामा उल्लेख भए अनुसारको विवरणसंग सम्बन्धित कागजातहरु संलग्न गरि यसैसाथ प्रस्ताव पेश गरेको छु ।
पेश गरेको कागजात गलत भएमा कानुन बमोजिम कारवाही भोग्न तयार छु ।

निवेदक
प्रस्तावक संघ/संस्थाको नाम :
ठेगाना :
संघ /संस्थाको प्रतिनिधिको नाम :
दस्तखत :
मिति :
सम्पर्क नं.
छाप :

अनुसूची- ५ (ख)

(दफा १० संग सम्बन्धित)

वस्तुगत सामाग्रीहरु (डेस्कटप कम्प्यूटर तथा प्रिन्टर) अनुदानमा वितरणका लागि प्रस्ताव पत्रको नमूना

| सि.न | विवरण | संस्थाले भर्ने |
|---|---|---|
| १. | प्रस्तावक संस्थाको नाम र ठेगाना | |
| २. | सम्पर्क नम्बर | |
| ३. | संस्था दर्ता भएको कार्यालय र दर्ता नम्बर | |
| ४. | भ्याट/प्यान दर्ता नम्बर | |
| ५. | संस्था स्थापना मिति | |
| ६. | हाल पेश गरेको प्रस्तावको नाम | |
| ७. | संस्था आवद्ध संख्या | |
| ८. | संस्थामा मौजुदा दुग्ध उपकरणहरुको विवरण तथा उपभोगको अवस्था | |
| ९. | दैनिक दूध संकलन तथा बिक्री विवरण (संघ अन्तरगतका संस्थाहरु) | |
| १०. | संस्थाले माग गर्ने डेस्कटप कम्प्यूटर तथा प्रिन्टरको आवश्यकताका कारणहरु | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| १२. | वार्षिक बैठक संख्या | |
| १३ | योजना समाप्ति पश्चात हासिल हुने ५ उपलब्धिहरु बुंदागत रुपमा सम्भव परिमाण खुलाउने | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| १४ | विगतमा अनुदान प्राप्त गरेको/नगरेको | |
| क. | प्राप्त भएको मिति | |
| ख. | प्राप्त गरेको भए प्राप्त भएको अनुदानको प्रयोग तथा संस्था सुदृढीकरणमा पारेको प्रभाव | |

माथि उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु । कहि कतै झुठो ठहरिएमा कानून बमोजिम कार्यवाहीको भागिदार हुने प्रतिबद्ध छु छौं ।

| | |
|---|---|
| प्रस्तावकको नाम | |
| पद | |
| मिति | |

अनुसूची-३

(दफा ५ र ८ संग सम्बन्धित)

स्थानिय निकाय/सहकारी कार्यालय/ भेटेनरी अस्पताल तथा बिज्ञ केन्द्रको सिफारिस पत्रको ढाँचा

श्रीमान् कार्यकारी निर्देशकज्यू
राष्ट्रिय दुग्ध विकास बोर्ड,
हरिहर भवन, ललितपुर ।

बिषय : सिफारिस गरिएको बारे ।

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति..........................को राष्ट्रिय दैनिक............................मा प्रकाशित सूचना अनुसार जिल्ला..........................गा.पा/न.पा............................................... बजार/गाउँ..................................मा संचालित................................ केन्द्रीय दुग्ध सहकारी संघ तथा केन्द्रीय पशुपन्छी पालक सहकारी संघलाई सुदृढीकरण वा जिल्ला दुग्ध उत्पादक सहकारी संघले डेस्कटप कम्प्यूटर तथा प्रिन्टर कामको लागि सिफारिस पाउँ भनी दिनु भएको निवेदन उपर कारवाही हुंदा उपरोक्त संघ / संस्थालाई अनुदान सहयोगका लागि सिफारिस गरिन्छ।

कार्यालय प्रमुख
नाम
पद
दस्तखत
कार्यालयको छाप